# सिदिङ्वा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः १ मितिः २०७९।०३।१५

## भाग–१

## सिदिङ्वा गाउँपालिका

सिदिङ्वा गाउँपालिका सभाबाट पारित

सिदिङ्वा गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

## सिदिङ्वा गाउँपालिकाको विनियोजन ऐन

आज्ञाले,

रुद्र प्रसाद बेघा

नि. प्रमुख प्रशासकीय अधिकृत

संवत २०७९ सालको ऐन संख्या- १

# सिदिङ्वा गाउँपालिकाको विनियोजन ऐन, २०७९

## गाउँसभा बाट स्वीकृत मितिः- २०७९।०३।१०

### अध्यक्षबाट प्रमाणिकरण मितिः- २०७९।०३।१०


सिदिङ्वा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

**E-mail:-sidingbarmtpj@gmail.com**

**Facebook:- http://www.facebook.com/sidingbarmtpj**

**Website:- http://www.sidingbamun.gov.np**

# <u>सिदिङ्वा गाउँपालिकाको विनियोजन ऐन</u>

**सिदिङ्वा गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७९।०३।१०

**प्रस्तावनाः** सिदिङ्वा गाउपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम सिदिङ्वा गाउपालिका सभाले यो ऐन बनाएको छ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)**यस ऐनको नाम "सिदिङ्वा गाउपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**<u>आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३९,५०,३४,०२० (अक्षेरुपी उन्नचालिस करोड पचास लाख चौतिस हजार विस रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) यो ऐन प्रारम्भ भए पश्चात कुनै श्रोतवाट दफा(१) मा उल्लेखित रकम प्राप्त भएमा आगामी गाउँ सभावाट स्विकृत हुने गरी कार्यपालिकाबाट निर्णय गरी खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त सिदिङ्वा गाउपालिकाको गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि–१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँ कार्यपालिका | २३,७२,७८,०२०।- | १३,४६,५६,०००।- | वित्तिय समानिकरण र राजश्व बाँडफाँड, आन्तरिक श्रोत, सशर्त, समपुरक, विशेष | ३७,१९,३४,०२०।- |
| 2 | | वडा कार्यालय | २१,००,०००।- | २,१०,००,००।- | वित्तिय समानिकरण र राजश्व बाँडफाँड, आन्तरिक श्रोत | २,३१,००,०००।- |
| 3 | | बिषयगत शाखा | ० | ० | - | |
| 4 | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | - | |
| 5 | | लगानी (शेयर/ऋण) | ० | ० | - | |
| | | जम्मा | २३,९३,७८,०२०।- | १५,५६,५६,०००।- | | ३९,५०,३४,०२०।- |